Downloaded From: http://www.dhyeyaias.com



# नेपाली

**( अनिवार्य )**

अनुज्ञापित समय : तीन घण्टा

अधिकतम अङ्क : 300

**प्रश्न-पत्र सम्बन्धित विशेष अनुदेशावली**

**कृपया प्रश्नका उत्तर लेख्नुअघि तल दिइएका प्रत्येक अनुदेशलाई ध्यानपूर्वक पढ्नुहोस्**

सबै प्रश्नका उत्तर लेख्नु अनिवार्य छ।

प्रत्येक प्रश्न/अंशका अङ्क तिनका बिपरीतमा सूचित गरिएको छ।

प्रश्नमा निर्देश नगरिएको भए तापनि उत्तर नेपाली (देवनागरी लिपि)-मा लेख्नु अनिवार्य छ।

प्रश्नमा जहाँ विशेष रूपले उल्लेख गरिएअनुसार शब्द-सीमालाई पालन गर्नु आवश्यक छ। यदि उल्लेख गरिएको भन्दा लामो अथवा छोटोमा उत्तर लेखिए अङ्क घटाइने छ।

प्रश्न-सह-उत्तरपुस्तिकामा खाली छोडिएका पन्ना अथवा कुनै भाग स्पष्टसित काटिएको हुनुपर्छ।

# NEPALI

**( Compulsory )**

Time Allowed : Three Hours

Maximum Marks : 300

**QUESTION PAPER SPECIFIC INSTRUCTIONS**

**Please read each of the following instructions carefully before attempting questions**

All questions are to be attempted.

The number of marks carried by a question/part is indicated against it.

Answers must be written in NEPALI (Devanagari script) unless otherwise directed in the question.

Word limit in questions, wherever specified, should be adhered to and if answered in much longer or shorter than the prescribed length, marks may be deducted.

Any page or portion of the page left blank in the Question-cum-Answer Booklet must be clearly struck off.



Downloaded From: http://www.dhyeyaias.com

Downloaded From: http://www.dhyeyaias.com

100

**1.** कुनै एउटा विषयमा छसय (600) शब्दभित्रमा निबन्ध लेख्नुहोस् :

(a) तकनीकीको अत्यधिक प्रयोगबाट खतरा

(b) धर्म-निरपेक्षतावाद गणतन्त्रको शक्ति हो

(c) भारतीय अर्थनीतिमा विमुद्रीकरणको दूरगामी फायदाहरू

(d) आयुर्वेद-पद्धतितर्फ पश्चिमी देशहरूको आकर्षण

**2.** तल दिइएको परिच्छेद सावधानीपूर्वक पढ्नुहोस् अनि आफ्नो भाषामा स्पष्ट, शुद्ध र संक्षिप्त रूपमा प्रश्नहरूका उत्तर लेख्नुहोस् : 12×5=60

मस्तिष्कका लागि पुस्तकहरू सर्वोत्तम भोजन हो। एकजना विचारकले दर्शाएका छन् कि मानिसहरूले जे सोँचेका छन्, गरेका छन् अथवा पाएका छन् ती पुस्तकहरूमा सुरक्षित छन्। मानव-सभ्यता र संस्कृतिको उत्पत्ति र विकासको सबै श्रेय पुस्तकहरूलाई नै जान्छ। पुस्तकहरूको उपयोगिता र मूल्य अतुलनीय छ। पुस्तकहरूले अन्तःकरणलाई उज्ज्वल पार्छ। राम्रा पुस्तकहरूले मानिसहरूलाई पशुत्वबाट देवत्वतिर लैजान्छ। तिनका सात्विक वृत्तिहरूलाई ज़गाउँदै तिनीहरूलाई पथभ्रष्ट हुनबाट बचाउँछ अनि मानव, समाज र राष्ट्रलाई मार्गदर्शन गर्दछ। पुस्तकहरूले हामीलाई प्रेरणा दिंदछ अनि हाम्रा मन र मस्तिष्कमा स्थायी प्रभाव पार्दछ।

पुस्तकहरूले मनोरञ्जनका लागि पनि मानिसहरूलाई सहायता गर्दछ। यहाँ मनोरञ्जनको तात्पर्य केवल हास-विलास होइन, तर गम्भीर कुरा हो। ती पुस्तकहरू जसले पाठकहरूका मस्तिष्कलाई गहिरोसँग छुन्छ अनि तिनीहरूका मनलाई समाउँछ, साँचो अर्थमा मनोरञ्जनका पुस्तकहरू हुन्। जुन पुस्तकले पाठकलाई जति गहिराइमा लैजान्छ, त्यो त्यति नै आह्लादकारी हुन्छ। यस सन्दर्भमा, हल्का-फुल्का साहित्य पनि कम महत्त्वका होइन। यस्तो साहित्यले धेरै सीमासम्म मानिसहरूका तनावलाई कम गरिदिन्छ अनि तिनीहरूका उदास मनलाई उत्साहित तुल्याउँछ।

राम्रा पुस्तकहरूले मानिसहरूलाई ज्ञान र मनोरञ्जन दिलाउँछ। विज्ञान, वाणिज्य, कला अनि विधि विषयको पुस्तकहरूले मानिसहरूलाई थप ज्ञान दिने गर्छ। ती पुस्तकहरू पढेर मानिसहरूले आन्तरिक क्षमताको अनुभूति गर्दछन्। साँचो कुरा हो कि पुस्तकहरू हाम्रा साँचो मार्गदर्शक हुन्। तिनीहरूले नयाँ-नयाँ क्षेत्र र रहस्यहरूका ज्ञान त गराउँछ नै, साथै चिन्तन र मननका लागि पनि बाध्य गराउँछ। पुस्तकहरूले हाम्रा द्विविधाहरूलाई दूर गरेर दृढ संकल्प जगाउँछ। गान्धीजीले 'गीता'-लाई आमाको संज्ञा दिने गर्थे किनभने प्रत्येक कठिन स्थितिमा यसले नै उनलाई मार्गदर्शन गर्दथ्यो। पुस्तकहरू यस्ता मार्गदर्शक हुन् जसले न दण्ड दिन्छ, न रिसाउँछ अनि सट्टामा कुनै चीज माग्दछ, तर समय समयमा आफ्नो अमृत-तत्त्व दिनलाई किञ्चित् पछि पर्दैन।

पुस्तकहरूले मानिसहरूलाई खुशीयाली र विश्रान्ति प्रदान गर्दछ। पुस्तकप्रेमी सबभन्दा सुखी व्यक्ति हो। उसले कहिल्यै जीवनमा शून्यपन अनुभव गर्नु पर्दैन। पुस्तकहरूमा पूर्ण भरोसा गर्न सकिन्छ।

विचारहरूका युद्धमा पुस्तकहरू नै एकमात्र हतियार हुन्छन्। पुस्तकहरूमा निहित विचारहरूले सम्पूर्ण समाजको कायापलट गर्न समर्थ हुन्छ। आजको संसार विचारहरूकै संसार हो। समाजमा जब पनि कुनै परिवर्तन आउँछ अथवा क्रान्ति हुन्छ, त्यसको मूलमा कुनै न कुनै विचारधारा नै हुन्छ। श्रेष्ठ पुस्तकहरूले समाजमा नवचेतना सञ्चार गर्दछ अनि जन-जागृति ल्याउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ। पुस्तकहरू पढ्नाले मानिसको दृष्टिकोण पनि व्यापक हुन्छ अनि उसमा उदात्त भावना आउन थाल्छ।



Downloaded From: http://www.dhyeyaias.com

Downloaded From: http://www.dhyeyaias.com

पुस्तकहरू त्यस्ता अमरनिधि हुन् जसले पछिल्लो पिंढीको अनुभवहरूलाई अविकल रूपमा आउने पिंढीहरूसम्म पुर्‍याउने गर्दछ। पुस्तकहरूमा निहित ज्ञानहरूलाई कसैले नाश गर्न सक्तैन। संक्षेपमा, पुस्तकहरूको महत्त्व अतुलनीय छ।

(a) किन पुस्तकहरूको महत्त्व बेजोड मात्र सकिन्छ? 12

(b) लेखकको भनाइ—'मनोरञ्जनको अर्थ गहन छ'-को अभिप्राय के हो? 12

(c) कसरी पुस्तकहरू हाम्रा सच्चा मार्गदर्शक हुन्? 12

(d) किन गान्धीजीले 'गीता'-लाई 'आमा'-को संज्ञा दिने गर्थे? 12

(e) पुस्तकहरूले समाजमा नवचेतनाको सञ्चार कसरी गर्दछ? 12

3. निम्नलिखित अनुच्छेदको सारांश प्रायः एक-तिहाई शब्दहरूमा लेख्नुहोस्। यसको शीर्षक लेख्ने आवश्यकता छैन। सारांश आफ्ना शब्दहरूमा लेख्नुहोस् : 60

कठिन परिश्रम नै संसारमा सफलता प्राप्त गर्ने एक महत्त्वपूर्ण साधन हो। परिश्रमद्वारा नै हामी हाम्रा आकांक्षाहरूलाई पूरा गर्न सक्छौं। संसार कर्मक्षेत्र हो, अतः कर्म गर्नु नै हाम्रो धर्म हो। कुनै पनि काममा हामीलाई त्यत्तिबेला सफलता प्राप्त हुन्छ जब हामी परिश्रम गर्दछौं।

परिश्रमले जीवनलाई गति प्रदान गर्दछ। यदि हामी परिश्रमलाई उपेक्षा गर्दछौं भने हाम्रो जीवनको गति नै रोकिने छ। अकर्मण्यताले हामीलाई यसरी घेर्ने छ कि त्यो घेराबाट निस्कनु कठिन हुन्छ, जब कि परिश्रमी व्यक्तिले सबै प्रकारका कठिनाईहरूबाट जुझ्दै अघि बढ्दछ अनि चौमुखी सफलता प्राप्त गर्न सक्दछ। एक परिश्रमी व्यक्तिले भाग्यको सहारा लिंदैन, तर निरन्तर संघर्ष गर्दै जान्छ। उ निराश हुँदैन। यदि परिश्रम गर्दा पनि सफलता पाउन सकेन भने उसले आफ्नो सफलताका कारणहरू पत्तो लगाउने प्रयास गर्छ, उ आफ्नो कमजोरीहरूलाई दूर गर्न तत्पर रहन्छ, फलस्वरूप उसले सफलता प्राप्त गर्दछ।

यो संसारमा हामीले पाइला-पाइलामा संघर्ष गरेर आफ्नो बाटो आफैंले तयार गर्नु पर्दछ। हामी जति नै शक्तिशाली र साधन-सम्पन्न नै किन न हौं, यदि हामी परिश्रम गर्नबाट दूर बन्यौं भने मात्र साधन-सम्पन्नताले हामीलाई लक्ष्यको सामु पुर्‍याउन सक्तैन। सबै महानपुरुषहरूको आशातीत सफलताको पछि परिश्रम र शक्तिकै हात रहेको हुन्छ।

हाम्रो समाजमा धेरै मानिसहरू नियतिवादी र भाग्यवादी छन्। यस्ता व्यक्तिहरू समाजका प्रगतिका लागि बाधक हुन्। यो संसारमा आजसम्म कुनै भाग्यवादीले महान कार्य गर्न सकेको छैन। सबै ठूला-ठूला खोजहरू, आविष्कारहरू र सृजनाहरू परिश्रमद्वारा नै सम्भव बनेका छन्। हाम्रा साधन र प्रतिभाहरू केवल उत्प्रेरित गर्दछन्, हाम्रा पथ-प्रदर्शन गर्दछन्, तर हामी हाम्रो लक्ष्यमा परिश्रमद्वारा नै पुग्नसक्छौं।

परिश्रमद्वारा नै हामी यश र वैभव दुवै प्राप्त गर्न सक्तछौं। जब हामी आफ्नो कर्तव्य पालन गर्नलाई परिश्रम गर्दछौं तब हामीलाई भित्री एउटा अद्भुत आनन्द प्राप्त हुँदछ। अन्तःकरणका सबै पापहरू बिलाउन थाल्छ अनि गहिरो सन्तोषको अनुभव हुन थाल्छ। परिश्रमी व्यक्तिका लागि कुनै पनि कर्मकाण्ड महत्त्वपूर्ण छैन। उसको साधना नै आफ्नो कर्तव्यपथमा हिंड्नु हो। दिनभरिको परिश्रम सकेपछि जब कुनै खेतीवालाले साँझमा आफ्नो झोपडीमा बसेर आनन्दमग्न भएर लोकगीत गाउन थाल्छ तब उसको स्वरले दिव्य-संगीत सृजना गर्दछ।

शारीरिक परिश्रमले मानिसलाई सन्तोष दिंदछ अनि शरीरलाई स्वस्थ राख्दछ। शारीरिक परिश्रमको अभावका कारण आजभोलि मानिसहरू रोगहरूले घेरिएका छन्। शारीरिक परिश्रम सबैका लागि महत्त्वपूर्ण छ। भन्न आवश्यक छैन कि शारीरिक परिश्रम गर्ने मानिसहरू नै दीर्घजीवी हुने गर्छन्। यसो पनि भनिएको छ कि स्वस्थ शरीरमा नै स्वस्थ मस्तिष्कको



Downloaded From: http://www.dhyeyaias.com

Downloaded From: http://www.dhyeyaias.com

बास हुन्छ। एकजना स्वस्थ व्यक्तिले कतिपय गम्भीर कुराहरूलाई स्वाभाविक रूपले लिने गर्छ। उ विषम परिस्थितिमा अधीर हुँदैन तर ती विषम परिस्थितिहरूलाई साहससँग सामना गर्न तत्पर रहन्छ। उसले सबै समस्याहरूको समाधान खोज्छ। मानसिक परिश्रमको महत्त्वलाई बुझेर नै हाम्रा ऋषिहरू साधना गर्दथे अनि जनहितका लागि विचारशील हुने गर्दथे।

परिश्रमको एक विशिष्ट अर्थ पनि छ; यस अर्थमा परिश्रम उत्पादक पनि हो अनि अनुत्पादक पनि। खेतीवाला आफ्नो खेतमा परिश्रमसँग काम गर्दछ, जो उत्पादक श्रेणीमा पर्दछ। खेल खेल्नु र व्यायाम गर्नमा जुन परिश्रम गरिन्छ त्यसलाई अनुत्पादक परिश्रम भनिन्छ। तथापि, यो कामको पनि आफ्नै महत्त्व छ। गान्धीजीले भनेका थिए कि यदि परिश्रम नै गर्नु हो भने उत्पादक परिश्रम नै किन नगरौं। गान्धीजीले सबै प्रकारका परिश्रममा आनन्द अनुभव गरेका थिए।

केवल ती देशहरूले उन्नति गर्छन् जहाँका बासिन्दाहरू परिश्रम गर्छन्। विश्वयुद्धको विभीषिकाहरू झेलेपछि जापान र जर्मनीले आफ्ना पुनर्निर्माण त्यहाँका जनताका परिश्रमले गरेका हुन्।

निष्कर्षमा, यसो भन्न सकिन्छ कि परिश्रम नै जीवनको आनन्द हो अनि सृजनाको आधार हो।

**4.** दिइएको परिच्छेदलाई अंग्रेजीमा अनुवाद गर्नुहोस् : 20

सुप्रसिद्ध स्वतन्त्रता सेनानी राजर्षि पुरुषोत्तमदास टण्डनले सन् 1919 मा इलाहाबाद नगरपालिकाको अध्यक्षको पदभार सम्हालेका थिए। यो उनको लागि कठिन परिस्थिति थियो, किनभने उनी अध्यक्ष थिए, तर अंग्रेजहरूको यति घमण्ड र दवाब थियो कि सामान्य भारतीय नागरिकलाई तिनीहरू माझमा काम गर्न कठिन थियो। कार्यभार सम्हाल्न थाल्दा नै उनलाई थाहा भयो कि सैनिक-छावनीका मानिसहरूले पानीको प्रयोग गर्दथे तर कर तिर्दैनन् थिए। उनले फौजी-छावनी कार्यालयमा एउटा सूचना पठाए कि यदि अंग्रेजहरूले एक महीनाभित्र पनि कर तिरेनन् भने पानी वितरण बन्द गरिने छ।

यो सूचनाले छावनीमा, सारा शहर र नगरपालिकाभरि हो-हल्ला मच्चियो। स्थानीय समाचार-पत्रहरूले टण्डनजीको आदेशलाई प्रमुखतासँग छाप्यो। छावनीको पानीको कनेक्सन काट्ने अन्तिम दिनमा धेरै फौजी अधिकारीहरू नगरपालिका बोर्डको कार्यालयमा पुगे। तीमध्ये एक वरिष्ठ अधिकारीले टण्डनजीलाई भने कि तपाईंले छावनीको पानी बन्द गर्न सक्नु हुन्न। टण्डनजीले शान्त स्वभावमा भने कि यदि आज कर जमा दिइएन भने भोलि पानी वितरण हुनेछैन।

अधिकारी रीसले चिच्याए तर टण्डनजी अडिग बसे। अन्तमा, सबै फौजी अधिकारीहरू त्यहाँबाट निक्लिए। कार्यालयमा सन्सनी फैलियो। टण्डनजीको धीरता र दृढता देखेर सबै अचम्भित भए।

भोलिपल्ट छावनीका अंग्रेज सैनिक अधिकारीहरूले आफ्ना कर बुझाए।

**5.** निम्नलिखित गद्यांशलाई नेपालीमा अनुवाद गर्नुहोस् : 20

In ancient times in most civilized countries, for example in Egypt, Iraq, India, China and in the Roman Empire, many great irrigation works were constructed. In very hot countries, water is even carried in underground channels to prevent it from being evaporated by the sun's heat. In modern times, great dams have been built across rivers and these are used for more than one purpose, hence they are called multipurpose undertakings. Firstly, such dams help to prevent floods, by controlling the amount of water which rushes down a river in the rainy season. This



Downloaded From: http://www.dhyeyaias.com

Downloaded From: http://www.dhyeyaias.com

also prevents an enormous amount of damage and loss to farmers. Secondly, by storing up great quantities of water in the artificial lakes behind the dams, irrigation can be provided for many acres of land in the dry season, so that crops can be grown where none would have grown before. Thirdly, the people in the towns and cities in the neighbourhood can be certain of getting a sufficient supply of water for drinking and other purposes, even in the driest weather. Fourthly, the water stored up behind the dams is made to generate electric power by letting it run through turbines.

**6.** *(a)* *(i)* तलका कुनै **पाँच** शब्दहरूको सन्धि-विच्छेद गर्नुहोस् : 5

रत्यौली ; वाङ्मय ; अध्यक्ष ; परमौजस्वी ; तदनुसार ; निश्चल ; अन्ततोगत्वा।

*(ii)* तलका कुनै **पाँच** अनेकार्थी शब्दहरूको प्रत्येकको दुइ-दुइवटा भिन्न अर्थ दिनुहोस् : 5

कल ; उत्तर ; जन्ती ; नीर ; पाली ; गारो ; गुरु।

*(b)* *(i)* तलका कुनै **पाँच** समस्तपदलाई विग्रह गर्नुहोस् : 5

त्रैलोक्य ; हरदिन ; पाएजति ; ध्यानमग्न ; पक्षपाती ; अनार्य ; घनश्याम।

*(ii)* तलका कुनै **पाँच** प्रत्ययहरू लगाएर पाँचवटा शब्द बनाउनुहोस् : 5

आइ ; एको ; अक्कड ; आवट ; ने ; तव्य ; इत।

*(c)* *(i)* तलका कुनै **पाँच** वाग्धारालाई वाक्यमा प्रयोग गर्नुहोस् : 5

छाती पिट्नु ; आँखा लगाउनु ; काँचै निल्नु ; खुट्टा मल्नु ; घर खानु ; चिसो पस्नु ; पानी हुनु।

*(ii)* तलका कुनै **पाँच** उखानहरूलाई पूर्ण गर्नुहोस् : 5

(1) सुख लुकाए लुक्छ ..........।

(2) फूलको बासना बरिपरि ..........।

(3) दसतिरको जोहो ..........।

(4) खानेलाई चारो ..........।

(5) इमान भनेको लाख हो ..........।

(6) अगाडि खोलो ..........।

(7) मुखको मसिनो ..........।

(8) लक्कडा देशमा ..........।



Downloaded From: http://www.dhyeyaias.com

Downloaded From: http://www.dhyeyaias.com

(d) (i) तलका कुनै **पाँच** शब्दको विपरीतार्थक शब्द लेख्नुहोस् : 5

मधुर ; सन्धि ; जङ्गम ; अनावृष्टि ; प्राच्य ; सापेक्ष ; विधि।

(ii) तलका कुनै **पाँच** वाक्यलाई एउटा-एउटै शब्दमा लेख्नुहोस् : 5

(1) अर्थसूचक विवरण।

(2) कसैको काबूमा नरहने।

(3) चञ्चल बुद्धि भएको व्यक्ति।

(4) एउटालाई तोकेर अर्कालाई सम्बोधन गर्ने वाक्य।

(5) मरेका दिनदेखि दश दिनसम्म प्रेतका निम्ति चढाइने दक्षिणा।

(6) बाण हालेर पछाडि काँधमा बोक्ने ढुङ्ग्रो।

(7) जगा-जमीनको नापजोख भएको स्वामित्व पत्र।

(8) तरल पदार्थमा परेको मैलाको जमाहट।

★ ★ ★



Downloaded From: http://www.dhyeyaias.com